"बालबालिकालाई श्रममा संलग्न गराउनु कानुनी अपराध हो"

# नागरिक सचेतना पत्र

## आदरणीय दाजुभाइ तथा दिदी वहिनीहरु

बालबालिका विरूद्ध विद्यमान विसङ्गति र विकृतिलाई हटाई वालसुलभ, शिक्षित, सुसंस्कृत, सचेत र समृद्व समाजको निर्माण गर्नको लागि कुनैपनि बालबालिकालाई घरेलु श्रममा संलग्न नगराउने र घरेलु श्रममा संलग्न बालबालिकाको आफनै परिवारसंग बस्ने अधिकारको सुनिश्चित गर्ने तथा बालश्रमको सट्टा सम्मानजनक ढंगले वयस्क श्रमिक प्रयोग गर्ने संस्कृतिको निर्माण सहित २१ औ शताद्वीको समाज घरेलु वालश्रम मुक्त समाज निर्माण गर्न तपाई हाम्रो ठूलो दायित्व र भूमिका रहेको हुन्छ । तसर्थ यस्तो कामको थालनी आफैबाट आजैबाट गरी कुनै पनि बालबालिकालाई घरेलुश्रममा संलग्न नगराउनु हुन तथा श्रममा संलग्न बालबालिकालाई पारिवारिक पुनर्मिलनमा सहयोग गरी सामाजिक तथा कानूनी दायित्व पूरा गर्न हामी सबैमा आह्वान गर्दछौं ।

## के तपाइलाई थाहा छ ?

बालबालिकालाई घरेलु श्रममा संलग्न गराउँदा राज्यले श्रममा संलग्न गराउने ब्यक्तिमाथि तल उल्लेखित दण्ड र सजायको ब्यवस्था गरेको छ ।

- बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६ अनुसार १४ बर्षभन्दा मुनीका बालबालिकालाई कुनै पनि किसिमको श्रममा राख्न पाइदैन ।
- त्यस्तै १६ वर्षभन्दा कम उमेरका बालबालिकालाई घरेलु बालश्रम जस्ता निकृष्ठ प्रकारको श्रममा लगाउन कानूनले पूर्ण रूपमा निषेध गरेको छ ।
- यदि कसैले बालबालिकालाई घरेलु श्रममा संलग्न गराएको छ भने १ बर्षसम्म कैद वा ५० हजारसम्म जरिवाना वा दुवै दण्ड र सजाय हुन्छ ।

## तपाइले कहिले सोच्नु भएको छ ?

**बालबालिकालाई घरेलुश्रममा लगाउदा ..................**

- तपाईको सामाजिक प्रतिष्ठामा आँच पुगेको त छैन ?
- कानूनको उलङ्घन गर्नु भएको त छैन ?
- एउटा बालक वा बालिकाको भविष्य निर्माणको बाधक त बन्नु भएको छैन ?
- विद्यालय भर्ना गरिदिएको छु, बाबु आमाले नै छाडेर गएका हुन, घर जा भनेको जान मान्दैन, आफ्नै छोराछोरी जस्तै गरेर राखेको छु, खान लाउन दिएको छु भन्ने बहानामा उम्कने प्रयास त गर्नु भएको छैन ?

**यदि त्यसो होइन भने** नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, बागमती अंचल श्रम कार्यालय र सिविसको संयुक्त पहलमा थालिएको घरेलु श्रममा संलग्न गराइएका बालबालिकाहरूलाई उनीहरूको परिवारमा पुनर्स्थापना गर्ने गराउने अभियानमा तपाई पनि सामेल हुनुहोस् । तपाईको घरमा वा छिमेकमा भएको घरेलुश्रममा संलग्न बालबालिकालाई उनीहरूको परिवारलाई जिम्मा लगाउने कार्यमा हामी सहयोग गर्दछौ । बालश्रमिकलाई घर फर्काउने अभियानमा सहयोग र सहकार्यको लागि निम्न ठेगानामा सम्पर्क गर्न सक्नुहुनेछ ।


समाज सेवा तथा मानव अधिकारमा
महिला र बालबालिका (सिविस)
बुद्धनगर , काठमाडौ
फोन नं : ०१४७८४५४५
हेल्पलाईन : १६६००११००००

नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
**श्रम विभाग**
बाग्मती अञ्चल श्रम कार्यालय
फोन : ०१ ४२१९६२०